माडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
घर्तिगाउँ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

प.स. :- २०७९/८०

च.नं. :-

मिति :-२०७९/१२/०७

**एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना।**

उद्यमशीलता मार्फत सार्वजनिक शिक्षाको सवलीकरणका लागि शिक्षण संस्था मार्फत एक शिक्षण संस्था एक उद्यम कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गरी विद्यालयबाट विद्यार्थीलाई उद्यमप्रति आकर्षित गर्ने र विद्यालयलाई सिकाइको थलोको रूपमा विकास गर्ने उद्देश्यकासाथ यस गाउँपालिकाको चालु आ.व. २०७९/८० को राष्ट्रिय युवा परिषद्को स्वीकृत कार्यक्रम अन्तर्गत शैक्षिक संस्थाहरूमा उद्यमशिलता प्रवर्द्धनका लागि १ वटा सामुदायिक माद्यमिक विद्यालयमा **एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम**मार्फत आर्थिक अनुदान/सहायता दिने कार्यक्रम रहेकोले उक्त कार्यक्रम सञ्चालन गर्न एच्छुक यस गाउँपालिकाभित्रका सामुदायिक माध्यमिक विद्यालयहरूले सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस गाउँपालिकामा प्रस्ताव पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ।

**पेश गर्नुपर्ने कागजातहरू:**

१. **'माडी गाउँपालिकाको एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९'** को अनुसूची १ वमोजिमको निवेदन सहित अनुसूची २ बमोजिम तोकिएको ढाँचामा उद्यम परियोजनाको प्रस्ताव।
२. विद्यालय व्यवस्थापन समिति र सम्वन्धित वडा समितिको प्रतिवद्धता पत्र।
३. विद्यालय उद्यम कोषको स्थापना भएको प्रमाणित हुने कागजात।
४. प्रविधिक धार सञ्चालन भएको भए अनुमतिको पत्रको प्रतिलिपि।
५. विद्यालयको शैक्षिक, भौतिक, आर्थिक, जनशक्ति र वातावरणीय पूर्वाधार सहित विद्यालयको संक्षिप्त प्रोफाइल।
६. विद्यालयको विगत ३ वर्षको शैक्षिक उपलब्धि विवरण।
७. पूर्व विद्यार्थी मञ्च र उद्यमी विद्यार्थी कलव गठन भएको भए सोको प्रमाणित हुने कागजात।
८. आ.व. २०७८/७९ को लेखापरीक्षणको प्रतिवेदन।

पुनश्चः विद्यालय छनौट **'माडी गाउँपालिकाको एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९'** हुनेछ। छनौट भएको विद्यालयलाई कार्यक्रम सञ्चालनका लागि एकमुष्ट रू.५,००,०००।– (पाँच लाख) उपलब्ध गराइनेछ। सो कार्यविधि यस माडी गाउँपालिकाको वेवसाइट www.madimunrolpa.gov.np मा हेर्न सकिनेछ।

०७९/१२/०७

(युवराज परियार)
प्रमुख प्रशासकीय अधिकृत

युवराज परियार
प्रमुख प्रशासकीय अधिकृत